पाठ ६८

१. येशूलाई क्रूसमा टाँग्नुभन्दा पहिले मानिसहरूले उहाँलाई के गरे ?

- तिनीहरूले उहाँको मजाक उडाए ।
- तिनीहरूले उहाँलाई पिटे र उहाँको मुखमा थुके ।
- तिनीहरूले उहाँलाई काँडाको श्रीपेच लगाइदिए ।

२. काँडाको मुकुट के को प्रतीक हो ?

- काँडाको मुकुटले परमेश्वरको श्राप जनाउँथ्यो ।

३. जब सिपाहीहरूले येशूको टाउको माथि काँडे श्रीपेच पहिराइदिए त्यसले केको चिन्ह दियो ?

- यही कि येशूले परमेश्वरको श्राप बोक्नुभयो ।

४. किन त्यहाँ चारैतिर तीन घण्टासम्म अन्धकार भयो ।

- तीन घण्टाको अँध्यारो एक चिन्ह हो ।

५. सारा देशमा फैलिएको तीन घण्टाको अँध्यारो के कुराको चिन्ह थियो ?

- पिता परमेश्वरले येशूलाई क्रूमा उहाँको प्राण खिँच्नुहुँदैथियो ।

६.पिता परमेश्वरले किन येशूको प्राण खिँच्नुभयो ?

- पिता परमेश्वरले येशूलाई तपाईंको, मेरो र सबै मानिसहरूको पापको खातिर सजाय दिँदै हुनुहुन्थ्यो ।

- येशू तीन रात र तीन दिन गाडिनुभयो ।

- तीन दिन र तीन रात सकिएको भोलिपल्ट सबेरै येशूलाई उद्धारकर्ता परमेश्वर भनी विश्वास गर्ने केही आइमाइहरू त्यस चिहानमा गए ।

आउनुस् मर्कूस १६:१ पद पढौं ।

विश्राम दिनको अर्कोदिन, मग्दलिनी मरियम, सुगन्धित द्रव्यहरू किने। तिनीहरूले ती सुगन्धित द्रव्यहरू येशूको शरीरमा लगाइनदिन चाहन्थे।

- यी आइमाइहरू येशूको चिहानमा किन गएका थिए ?
- यी आइमाइहरू येशूको मृत शरीरमा मसलाहरू लगाउन चाहन्थे ।

- मृत शरीरलाई गाड्नुभन्दा पहिले मसलाहरू लगाउनु यहूदी चलन थियो ।

- किनभने येशू हतारोमा गाडिनुभएको थियो त्यसैले आइमाइहरूले उहाँको मृत शरीरमा मसलाहरू लगाउने समय पाएका थिएनन् ।

- चिहानमा आइपुगेपछि आइमाइहरूले के देखे ?

आउनुस् मर्कूस १६:२-४ पद पढौं ।

2 हप्ताको पहिलो दिनको बिहानै, तिनीहरू चिहानमा गइरहेका थिए। यसबेलासम्म घाम झुल्केकै थिएन।
3 ती स्त्रीहरू एक अर्कामा कुरा गर्दै थिए, “चिहानको ढोकामा एउटा ठूलो ढुङ्गा छ। कसले त्यो ढुङ्गा
हाम्रो निम्ति पल्टाइदेला ?” 4 जब स्त्रीहरूले देखे, तिनीहरूले ढुङ्गा हटाईएको पाए। त्यो ढुङ्गा अति ठूलो
थियो, तर ढोकाबाट यसलाई पल्टाईको थियो।

- चिहानको मुख बन्द गरेको ठूलो ढोका कसले खोलेको थियो ?
- चिहानको ढोका खोल्न परमेश्वरले एकजना स्वर्गदूत पठानुभएको थियो ।

- जब ती आइमाइहरू चिहानमा पसे तब तिनीहरूले के देखे ?

आउनुस् मर्कूस १६:५ पद पढौं ।

5 तिनीहरू चिहान भित्र गए। त्यहाँ तिनीहरूले एकजना सेतो वस्त्र लाएको जवान मानिस लाई चिहानको
दाहिने पट्टि बसिरहेको देखे। ती स्त्रीहरू डराए।

- चिहानभित्र पसेपछि ती आइमाइहरूले एकजना स्वर्गदूत देखे ।

- स्वर्गदूतले ती आइमाइहरूलाई के भने ?

आउनुस् मर्कूस १६:६ पद पढौं ।

[6]उनले भने, "डराउनु पर्दैन। तिमीहरूले नासरतको येशूलाई, खोजिरहेछौ जसलाई क्रुसमा टाँगेका थिए। उहाँ मृत्युबाट बौरी उठनु भएको छ। उहाँ यहाँ हुनुहुन्न। हेर, यहाँ त्यो स्थान छ जहाँ उहाँलाई मृत्यु पछि राखिएको थियो ।

- येशूको बारेमा स्वर्गदूतले के भने ?
- स्वर्गदूतले येशू त्यहाँ हुनुहुन्न भने ।

- येशू किन त्यहाँ हुनहुन्नथ्यो ?
- किनभने येशू मरेकाहरूबाट बौरी उठ्नुभएको थियो ।

- स्वर्गदूतले येशूले भन्नुभएको जस्तै गरी येशू मरेकाहरूबाट जीवित भइ उठ्नुभएको छ भने ।

- स्वर्गदूतले ती आइमाइहरूलाई गएर येशूका साथीहरूलाई येशू मरेकाहरूबाट बौरी उठ्नुभएको छ भनेर भनिदेऊ पनि भने ।

आउनुस् मर्कूस १६:७-८ पद पढौं ।

[7]अब जाऊ अनि उहाँका चेलाहरूलाई खबर गर। अनि पत्रुसलाई पनि भनिदेऊ। तिनीहरूलाई भनिदेऊ, येशू
गालील जानु भइरहेकोछ। तिनीहरू पुग्नु भन्दा अघिनै उहाँ त्यहाँ हुनुहुनेछ। उहाँले अघिबाटै तिमीहरूलाई
भने झैं उहाँलाई त्यहाँ देख्न पाउने छौ।" [8]ती स्त्रीहरू खुबै डाराए अनि अल्मलमा परे। तिनीहरूले चिहान
छोडे, अनि दगुरे। डरको कारणले के घट्ना भएको थियो त्यस बारे तिनीहरूले कसैलाई केही भनेनन्।

- ती आइमाइहरू यति डराएका थिए कि तिनीहरूले पहिला त चेलाहरूलाई केही पनि भनेनन् ।

- पछि मरियम मग्दलिनी नाउँ गरेकी आइमाइ चेलाहरूलाई यो कुरा भन्न हिँडिन् ।

आउनुस् मर्कूस १६:९-१३ पद पढौं ।

[9]हप्ताहको पहिलो दिनमा येशू मृत्युबाट बौरी उठ्नु भयो। उहाँ पहिले मरियम मग्दलिनीसित देखापर्नु भयो।
जसबाट उहाँले सात भूतहरू निकाल्नु भएको थियो। [10]जब उनले येशूलाई देखिन्, तिनी गईन् अनि उहाँका
चेलाहरूलाई भनिन्। उहाँका चेलाहरू उहाँका निम्ति दुःखी भएर विलाप अनि रोई-कराई गरिरहेका थिए।
[11]मरियमले येशू जीवित नै हुनुहुन्छ भनेर खबर गरिन् अनि उनीले उहाँलाई देखें भनी तिनीहरूलाई
भनिन्। तर चेलाहरू उनलाई विश्वास गरेनन्।

[12] त्यसपछि ती दुइ बाहिर खेतमा हिंडिरहेका बेला उहाँ तिनीहरूकहाँ अघि अर्को रूपमा देखा पर्नुभयो। तर उहाँलाई मारिनु अघिको समयको जस्तो देखिनुहुन्थेन। [13] ती चेलाहरू फर्केर गए, अनि अरू चेलाहरूलाई यी कुराहरू वर्ण गरे। तर तिनीहरूले पनि विश्वास गरेनन्।

- यद्यपि मरियम मग्दलिनी र अरू दुईजना मानिसहरूले येशू मृतकहरूबाट जीवित भइ उठ्नुभएको कुरा भने तर चेलाहरूले पत्यार गरेनन् ।

- त्यसकारण येशू स्वयम चेलाहरूकहाँ देखापर्नुभयो ।

आउनुस् मर्कूस १६:१४ पद पढौं ।

[14] त्यसपछि आफ्ना एघारजना चेलाहरूको अघि देखापर्नु भयो जब तिनीहरू खाँदैथिए। येशूले तिनीहरूमा विश्वास कम भएकोमा अनि जसले उहाँलाई बौरी उठेको देखेर दिएको समाचारमा विश्वास नगरेकोमा तिनीहरूलाई हप्काउनु भयो।

- येशूले चेलाहरूलाई किन हप्काउनुभयो ?
- किनभने चेलाहरूले येशू मरेकाहरूबाट बौरी उठ्नुभएको कुरा पत्याएका थिएनन् ।

- त्यसपछि येशूले चेलाहरूलाई एउटा आज्ञा दिनुभयो ।

आउनुस् मर्कूस १६:१५ पद पढौं ।

[15] येशूले चेलाहरूलाई भन्नुभयो, “सारा संसारको हरेक स्थानमा जाऊ र प्रत्येकलाई सुसमाचार प्रचार गर।

- येशूले आफ्ना चेलाहरूलाई दिनुभएको आज्ञा के थियो ?
- सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर ।

- सुसमाचार के थियो ?
- परमेश्वरको वचन ।

- के येशूले यो आज्ञा केवल उहाँका चेलाहरूलाई मात्रै दिनुभएको हो ?
- होइन ।

- येशूले यो आज्ञा उहाँका चेलाहरू र उहाँमा विश्वास गर्नजति सबैलाई दिनुभएको हो ।

- येशू उहाँमा विश्वास गर्ने सबै मानिसहरूले परमेश्वरको वचन अरू मानिसलाई सिकाएको चाहनुहुन्छ ।

- येशूले सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ र त्यसैले सबै मानिसहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउन चाहनुहुन्छ ।

आउनुस् यूहन्ना ३:१६ पद पढौं ।

16 हो, परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।

- त्यसकारणले नै हो म तपाईंहरूकहाँ आएर अहिले परमेश्वरको वचन भनिरहेको छु ।
- ताकि तपाईंहरू नमर्नुहोस् र अनन्त अग्निको दहको सजायमा नपर्नुहोस् ।

- येशूले किन मर्नुपर्‍यो ?
- के येशूले पाप गर्नुभएको थियो ?
- थिएन ।
- त्यसो भए येशूले किन मर्नुपर्‍यो त ?

- किनभने सबै मानिसहरूले पाप गरेका छन् र हामीले परमेश्वरको सामुन्ने हाम्रो पापको ज्याला तिर्नै पर्छ ।

- मृत्युबाहेक अरूक कुनै उपायले पनि पापको ज्याला तिन सकिँदैन ।

- तर परमेश्वरको प्रेमको कारणले गर्दा परमेश्वर हामी मरेको चाहनुहुन्न ।

- हाम्रा पापहरू मृत्युको सजायमा कसरी पर्छन् तर पनि हामी अझै कसरी जीवित छौं ?

- उद्धारकर्ता परमेश्वर येशू हाम्रो ठाउँमा मारिनुभयो ।
- उद्धारकर्ता परमेश्वर येशू मारिनुभयो ताकि हामी जीवित रहन सकौं ।

- यही कुरा चेलाहरूले बुझ्न सकेका थिएनन् ।

- चेलाहरूले येशू मर्नुहुन्छ र फेरि पनि तिनीहरूको उद्धार हुनेछ भनी बुझ्न सकेका थिएनन् ।

- चेलाहरूले येशूको मृत्युले मात्रै तिनीहरूलाई बचाउने छ भनी बुझ्न सकेका थिएनन् ।

- येशूको क्रूसमा भएको मृत्यु हाम्रो पापको ज्याला थियो।

- येशू क्रूसमा बगाउनुभएको रगत हाम्रो पापको ज्याला थियो ।

- परमेश्वरले किन हाबिलको बलिदान ग्रहण गर्नुभयो तर कयिनको गर्नुभएन ?

- किनभने हाबिलले भेडाको रगत ल्याए तर कयिनले ल्याएनन् ।

- परमेश्वरले किन मिश्रीहरू पहिले जन्मेकाजति सबैलाई मार्नुभयो तर इस्रेलीहरूलाई चाहिँ छोडिदिनुभयो ?

- किनभने इस्रेलीहरूले तिनीहरूका घरका ढोकामा बलिदान चढाएको भेडाको रगत छर्केका थिए ।

- येशू परमेश्वरका थुमा हुनुहुन्थ्यो ।
- पिता परमेश्वरले येशूलाई थुमालाई जस्तै बलिदान दिनुभयो ताकि हामी बचाइयौं ।

- येशूले आफ्नो रगत हामीलाई बचाउन र हाम्रो पापको ज्याला तिर्न बहानुभयो ।

- जब येशू क्रूसमा मर्नुभयो उहाँले सबै कुरा सकियो भन्नुभयो ।

- येशूले सबै थोक सकियो भन्नुको मलतब के थियो ?

- के येशूले उहाँको जीवन सकियो भन्नुभएको हो ?
- होइन् ।

- त्यसोभए येशूले क्रूसमा सबै थोक सकियो भन्नुको अर्थ के हो त ?

- येशूले भन्नुभएको यही थियो कि परमेश्वरले हामीलाई बचाउन उहाँलाई दिनुभएको जिम्मेदारी सकिएको थियो ।

- पिता परमेश्वरले दिनुभएको जिम्मेदारी येशूले किन सक्नुभएको थियो ?

- किनभने येशूको मृत्युले सबै मानिसहरूको पापको दण्ड पूर्णरूपले तिरेको थियो ।
- किनभने येशूको रगतले सबै मानिसहरूको पापको दण्ड पूर्णरूपले तिरेको थियो ।

- येशूको सबै मानिसहरूलाई बचाउन काम सकिएको थियो भनी हामी कसरी जान्न सक्छौं ?

- किनभने येशूको बलिदान सबै मानिसहरूका निम्ति सिद्ध बलिदान थियो ।
- किनभने येशूको रगत सबै मानिसहरूका निम्ति सिद्ध बलिदान थियो ।

- येशूको सबै मानिसहरूलाई बचाउन काम सकिएको थियो भनी हामी अरू कसरी जान्न सक्छौं ?

- किनभने पिता परमेश्वरले येशूलाई मरेकाहरूबाट जीवित पार्नुभयो ।

- यदि येशूको सबै मानिसहरूलाई बचाउने काम सकिएको हुने थिएन भने पिता परमेश्वरले येशूलाई मरेकाहरूबाट फेरि जीवित पार्नुहुने थिएन ।

- यदि परमेश्वरले येशूलाई सिद्ध बलिदानको रूपमा नचढाउनुभएको भए उहाँले येशूलाई मरेकाहरूबाट फेरि बौरी उठाउनुहुने थिएन ।

- यहाँ एउटा उदाहरण छ ।

- यदि कसैले कसैको गाई चोर्छ भने त्यसले एक वर्षसम्म कैदमा बस्नै पर्छ ।

- कैद भुक्तान भएपछि ऊ जेलबाट छुट्छ ।

- यदि प्रहरीहरूले त्यस मानिसलाई जेलको बाहिरपट्टि देखे भने के तिनीहरूले फेरि त्यसलाई जेलमा लैजान्छन् ?
- लैजादैनन् ।
- किन लैजादैनन् ?
- किनभने त्यस मानिसले एक वर्षसम्मको कैद भुक्तान गरिसेको छ र गाई चोरेको मूल्य पूरा भुक्तान गरिसकेको छ ।
- किनभने येशूले सबै मानिसको पापको मोल पूर्ण रूपले तिनुभयो र त्यसैले परमेश्वरले येशूलाई मरेकाहरूबाट जीवित पार्नुभयो ।

- जब येशू मर्नुभयो किन परमेश्वरले मन्दिरको पर्दा दुई फ्याक पारेर च्यात्नुभयो ?

- परमेश्वरले मन्दिरको पर्दा दुई फ्याक गरेर च्यात्नुभयो ताकि अबदेखि परमेश्वर र मानिसको बीचमा कुनै दरार नहोस् ।

- अब परमेश्वर र मानिसको बीचमा किन कुनै दरार छैन ?
- किनभने येशूले परमेश्वरबाट अलग पार्ने मानिसको सबै पापको ज्याला पूर्ण रूपले तिरिसक्नुभएको छ ।

- चेलाहरूलाई परमेश्वरको वचन सारा सृष्टिमा गएर प्रचार गर भन्ने आज्ञा दिइसकेपछि येशू स्वर्गमा उचालिइ लगिनुभयो ।

आउनुस् प्रेरित १:९ पद पढौं ।

9 येशूले प्रेरितहरूलाई ती कुराहरू भनिसके पछि उहाँ माथि आकाश सम्म उचालिनु भयो। प्रेरितहरूले हेर्दा हेर्दै येशू बादलभित्र पस्नु भयो अनि तिनीहरूले उहाँलाई देख्न सकेनन्।

- परमेश्वरले अगमवक्ताहरूमार्फत धेरै वर्ष पहिले भन्नुभएजस्तै येशू स्वर्गमा उचालिइ लगिनुभयो ।

आउनुस् प्रेरित १:१० पद पढौं ।

[10] येशू टाढा गइरहनु भएको थियो अनि प्रेरितहरूले आकाश तर्फ हेरिरहेका थिए। अचानक दुइजना मानिसहरू सेतो वस्त्र धारण गरेर तिनीहरूका छेउमा उभिए।

- चेलाहरूको अगाडि उभिएका सेतो पोशाक लगाएका दुईजना मानिसहरू को थिए ?
- तिनीहरू परमेश्वरका दुईजना स्वर्गदूतहरू थिए ।

- येशूका चेलाहरूलाई ती स्वर्गदूतहरूले के भने ?

आउनुस् प्रेरित १:११ पद पढौं ।

[11] ती दुइजना मानिसहरूले प्रेरितहरूलाई भने, "गालीलका मानिसहरू, तिमीहरू यहाँ किन आकाशतर्फ हेर्दै उभिरहेकाछौ? तिमीहरूले येशूलाई तिमीहरूदेखि स्वर्गआरोहण भएको देख्यौ। जसरी तिमीहरूले उहाँलाई जानु - भएको देख्यौ त्यसरी नै उहाँ फर्की आउनु हुनेछ।"

- स्वर्गदूतहरूले येशू पृथ्वीमा फर्किआउनुहुनेछ भने ।

- जब येशू पृथ्वीमा फेरि आउनुहुनेछ तब उहाँले के गर्नुहुनेछ ?

- के अब येशू हामीलाई पाप, मृत्यु र शैतानको शक्तिबाट छुटकारा दिन आउन लाग्नुभएको हो ?
- होइन ।
- किन होइन ?
- किनभने येशूले हामीलाई पाप, मृत्यु र शैतानको शक्तिबाट छुटकारा दिने काम पहिल्यै सिध्याइसक्नुभएको छ ।

- येशूलाई प्रधान पूजारीले तँ ख्रीष्ट होस् भनी सोधेपछि येशूले दिनुभएको जवाफ के तपाईंलाई अहिले सम्झना छ ?

आउनुस् मर्कूस १४:६१-६२ पद पढौं ।

प्रधान पूजाहारीले उहाँलाई फेरि अर्को प्रश्न गरेः "के तपाईं परमधन्य परमेश्वरको पुत्र, ख्रीष्ट नै हुनुहुन्छ?"
[62] येशूले जवाफ दिनुभयो, "हो, म नै परमेश्वरको पुत्र हुँ। तिमीहरूले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने पट्टि बसेर स्वर्गको बादलसित आउँदै गरेको देख्नेछौ।"

- जब येशू यस धर्तिमा फेरि आउनुहुनेछ येशू त्यस बखत उद्धारकर्ताका रूपमा होइन तर न्यायकर्ताका रूपमा आउनुहुनेछ ।
- जब येशू यस धर्तिमा फेरि आउनुहुनेछ उहाँलाई उद्धारकर्ता भनी विश्वास नगर्ने सबैको न्यायकर्ताका रूपमा आउनुहुनेछ ।
- जब येशू यस धर्तिमा फेरि आउनुहुनेछ त्यस खबत उहाँले परमेश्वरम विश्वास नगर्ने जति सबैलाई अनन्त अग्निको दहमा फ्याँक्नुहुनेछ ।